# निर्वाचन आयोग, नेपाल

## सम्वत् २०७६ मंसिर १४ गते सम्पन्न हुने उपनिर्वाचन प्रयोजनको लागि राजनीतिक दल दर्ता सम्बन्धी सूचना

१. नेपालको संविधानको धारा २६९ तथा राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा ४ बमोजिम निर्वाचन आयोगमा दर्ता भएका वा सोही ऐनको दफा १० बमोजिम एकीकरण भई वा गाभिई नयाँ नाममा दर्ता भएका दलहरुलाई सम्वत् २०७६ साल मंसिर १४ गते हुने प्रतिनिधिसभा सदस्य वा प्रदेशसभा सदस्य वा स्थानीय तहका सदस्यको उपनिर्वाचन प्रयोजनको लागि नेपालको संविधानको धारा २७१ तथा राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा ४८ बमोजिम दल दर्ता हुन २०७६ भाद्र मसान्तसम्म यस आयोगमा राजनीतिक दल सम्बन्धी नियमावली, २०७४ को **अनुसूची–१२ बमोजिमको ढाँचामा** निवेदन दिनुहुन यो सूचना प्रकाशन गरिएको छ । दल दर्ताको लागि दिनुपर्ने निवेदनको ढाँचा आयोगको वेबसाइट www.election.gov.np बाट डाउनलोड गर्न वा आयोगबाट प्राप्त गर्न सकिनेछ ।

तर सम्वत् २०७४ सालमा सम्पन्न प्रतिनिधिसभा सदस्य वा प्रदेशसभा सदस्य वा स्थानीय तह सदस्यको निर्वाचन प्रयोजनको लागि यस आयोगमा दर्ता भएका राजनीतिक दलले सम्बन्धित उपनिर्वाचन प्रयोजनको लागि पुनः दर्ता हुनु पर्ने छैन ।

२. **दल दर्ताको लागि निवेदन दिदा खुलाउनुपर्ने विवरण :–**

(क) दल सम्बन्धी विवरण (राजनीतिक दलको नाम, स्थापना मिति, आयोगमा दर्ता भएको मिति, दलको पछिल्लो महाधिवेशन सम्पन्न भएको मिति र स्थान, केन्द्रीय कार्यालय रहेको ठेगाना, टेलिफोन, इमेल ठेगाना र वेबसाइट)

(ख) दलको केन्द्रीय कार्यकारिणी समितिको पदाधिकारी तथा सदस्यको संख्या

(ग) आयोग समक्ष दलको वार्षिक लेखापरीक्षण प्रतिवेदन पेश गरेको मिति

(घ) दलको केन्द्रीयस्तर र प्रदेशस्तरको कार्यकारिणी समितिको निर्वाचन भएको भए पछिल्लो निर्वाचन भएको मिति

(ङ) भाग लिन चाहेको उपनिर्वाचनको नाम **(प्रतिनिधिसभा सदस्य/ प्रदेशसभा सदस्य/ स्थानीय तह सदस्य)**

(च) यसभन्दा अघिको निर्वाचनमा प्राप्त गरेको निर्वाचन चिन्हको सट्टा अर्को निर्वाचन चिन्ह लिन चाहने दलले आफूले लिन चाहेको कुनै तीन वटा निर्वाचन चिन्ह (प्राथमिकता क्रम अनुसार उल्लेख गर्ने)

(छ) राजनीतिक दलको संगठनात्मक स्वरुप (केन्द्रीयस्तर र प्रदेशस्तर छ/छैन खुलाउने)

३. **संलग्न गर्नुपर्ने कागजातहरू :–**

(क) दलको विधान, नियमावली, घोषणापत्र, निर्वाचन चिन्हको नमूना र सोको विद्युतीय प्रति,

(ख) निर्वाचन प्रयोजनको लागि दल दर्ता गर्न केन्द्रीय समितिबाट भएको निर्णयको प्रतिलिपि,

(ग) आ.व. २०७४/०७५ सम्मको वार्षिक लेखा परीक्षण प्रतिवेदन, तर

(१) आर्थिक वर्ष २०७४/७५ मा एकीकरण भई वा गाभिई नयाँ कायम भएका दलले आर्थिक वर्ष २०७४/७५ को लेखा परीक्षण प्रतिवेदन पेश गर्दा एकीकरण वा गाभिनुपूर्वका दलको विवरण समेत देखिने गरी तयार गरिएको वार्षिक लेखा परीक्षण प्रतिवेदन,

(२) आर्थिक वर्ष २०७५/७६ मा एकीकरण भई वा गाभिई नयाँ कायम भएका दलले आर्थिक वर्ष २०७४/७५ को लेखा परीक्षण प्रतिवेदन पेश गर्दा साविकमा अलग अलग रहेका दलको वार्षिक लेखा परीक्षण प्रतिवेदन,

(घ) दलको प्रमुख पदाधिकारी बाहेक अधिकार प्राप्त व्यक्तिले निवेदन दिने भएमा प्रमुख पदाधिकारीले दिएको त्यस्तो अधिकारपत्र ।

४. दल दर्ताको लागि निवेदन पेश गर्दा दलले संविधानको धारा २६९ को उपधारा (४) बमोजिमका शर्त पूरा गरेको हुनु पर्नेछ।

५. सम्वत् २०७४ सालमा सम्पन्न प्रतिनिधिसभा सदस्य वा प्रदेशसभा सदस्य वा स्थानीय तह सदस्यको निर्वाचन प्रयोजनको लागि दर्ता भई वार्षिक लेखा परीक्षण प्रतिवेदन बुझाउन बाँकी रहेका राजनीतिक दलले आ.व. २०७४/०७५ सम्मको वार्षिक लेखा परीक्षण प्रतिवेदन मिति २०७६ भाद्र मसान्तसम्म कान्तिपथ, काठमाडौंस्थित यस आयोगमा

अनिवार्य रूपमा बुझाउनु पर्नेछ।

६. निर्वाचन प्रयोजनको लागि दल दर्ताको निवेदन पेश गर्न वा वार्षिक लेखा परीक्षण प्रतिवेदन पेश गर्ने प्रयोजनको लागि सार्वजनिक बिदाका दिनमा समेत बिहान १०:०० बजे देखि ५:०० बजेसम्म आयोगको सचिवालय खुला रहनेछ।

७. अन्य थप जानकारीको लागि आयोगमा सम्पर्क राख्न सकिनेछ।

## अनुसूची-१२

(नियम १६ को उपनियम (१) सँग सम्बन्धित)

### निर्वाचन प्रयोजनको लागि दल दर्ताको निवेदनको ढाँचा

श्री निर्वाचन आयोग,
कान्तिपथ, काठमाडौं ।

**विषय : ....................... निर्वाचनको प्रयोजनार्थ दल दर्ता गरिदिने सम्बधमा ।**

आगामी .................. निर्वाचनको प्रयोजनको लागि नेपालको संविधानको धारा २७१ र राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा ४८ बमोजिम आयोगमा दल दर्ता गर्नका निमित्त निर्वाचन आयोगबाट मिति ................ प्रकाशित सूचना अनुसार देहाय बमोजिमको विवरण खुलाई यो निवेदन पेश गरेको छु ।

१. राजनीतिक दल सम्बन्धी विवरण :

| राजनीतिक दलको पूरा नाम | संक्षिप्त नाम | स्थापना भएको मिति | आयोगमा दल दर्ता भएको मिति | केन्द्रीय कार्यालयको ठेगाना | पत्राचार गर्ने ठेगाना | टेलिफोन नं. | इ-मेल ठेगाना | वेभ साइट |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |

२. दलको पछिल्लो महाधिवेशन भएको मिति र स्थान :

३. दलको केन्द्रीय कार्यकारिणी समितिको पदाधिकारी तथा सदस्यको संख्या :

४. आयोग समक्ष दलको वार्षिक लेखापरीक्षण प्रतिवेदन पेश गरेको मिति :

५. दलको केन्द्रीयस्तर र प्रदेशस्तरको कार्यकारिणी समितिको निर्वाचन भएको छ भने पछिल्लो निर्वाचन भएको मिति :-

केन्द्रीयस्तर ........................ प्रदेशस्तर......................

६. भाग लिन चाहेको निर्वाचनको नाम :-

७. प्रदेश सभाको निर्वाचनको हकमा कुन कुन प्रदेशमा भाग लिने हो खुलाउने :-

८. यसभन्दा अघिको निर्वाचनमा प्राप्त गरेको निर्वाचन चिन्ह लिन चाहेमा सो निर्वाचन चिन्ह उल्लेख गर्ने :-

९. यसभन्दा अघिको निर्वाचनमा निर्वाचन चिन्ह प्राप्त नगरेको दलले वा निर्वाचन चिन्ह प्राप्त गरेको भए तापनि अन्य निर्वाचन चिन्ह लिन चाहने दलले आफूले प्राप्त गर्न चाहेको तीन वटा निर्वाचन चिन्ह उल्लेख गर्ने (प्राथमिकताक्रम अनुसार)

(क) .............................................

(ख) .............................................

(ग) .............................................

१०. निम्नलिखित विवरण तथा कागजातहरु संलग्न छन् :-

(क) दलको विधान, नियमावली तथा घोषणापत्र,

(ख) निर्वाचन प्रयोजनको लागि दल दर्ता गर्न केन्द्रीय समितिबाट भएको निर्णयको प्रतिलिपि,

(ग) नयाँ निर्वाचन चिन्ह लिन चाहेकोमा आफूले लिन चाहेको कम्तीमा तीनवटा बेग्ला-बेग्लै निर्वाचन चिन्हको नमूना र सोको विद्युतीय प्रति,

(घ) आ.व. ......................... को वार्षिक लेखा परीक्षण प्रतिवेदन,

(ङ) अधिकार प्राप्त व्यक्तिले निवेदन दिएको भए प्रमुख पदाधिकारीले दिएको त्यस्तो अधिकारपत्र ।

माथि लेखिएको व्यहोरा ठीक साँचो हो फरक ठहरे कानून बमोजिम सहुँला, बुझाउँला ।

प्रमुख पदाधिकारी/अधिकार प्राप्त व्यक्तिको,-

.......................... नाम, थर :

राजनीतिक दलको छाप पद :

दस्तखत :

मिति :